# वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका लागि अनुदान सहयोग कार्यविधि, २०७९

**मन्थली नगरपालिकाको नगर कार्यपालिकाबाट मिति २०७९ असार ०७ गते स्वीकृत भएको वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका लागि अनुदान सहयोग कार्यविधि, २०७९ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।**

**प्रस्तावनाः** दैनिक रूपमा बैदेशिक रोजगारीमा गएका परिवारहरूका सदस्यहरूलाई समेटेर वित्तीय ज्ञान दिनुको साथै वैदेशिक रोजगारीमा संग्लग्न परिवारहरूलाई आर्थिक एवम् प्राविधिक सहयोग गरी विभिन्न आयआर्जन मूलक गतिविधिहरूमा लाग्न प्रोत्साहित गर्न गठन गरीएको वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रमलाई प्रभाबकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले **"वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका लागि अनुदान सहयोग कार्यक्रम कार्यीविधि, २०७९"** कार्यान्वयनमा ल्याइएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका लागि अनुदान सहयोग कार्यक्रम कार्यीविधि, २०७९" रहेको छ ।**

(२) यो कार्यविधि मन्थली नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः (क) **"प्रमुख"** भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(ख)** **"अनुगमन समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन

ऐन २०७४ बमोजिमको स्थानीय अनुगमन संयन्त्रलाई सम्झनु पर्दछ ।

**(ख)** **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई बुझाउँछ ।

**(ग)** **"कार्यविधि"** भन्नाले नगरपालिका ।नगरपालिकाको **"वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका लागि अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०७९"** लाई सम्झनु पर्दछ ।

**(घ)** **"उप-प्रमुख"** भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

**(ङ)** **"वडा"** भन्नाले नगरपालिकाको वडाहरूलाई सम्झनु पर्छ ।

**(च)** **"रिटर्नी"** भन्नाले बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई सम्झनु पर्दछ ।

**(छ)** **"स्थानीय तह"** भन्नाले मन्थली नगरपालिकालाई बुझाउँछ ।

**३.** **यस कार्यविधिका उद्देश्यहरू:** (१) वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरूलाई वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहलाई आयआर्जनका गतिविधिहरूमा लाग्न प्रोत्साहन गर्ने ।

(२) स्थानीय स्तरमानै स्वरोजगार सिर्जना गर्नका लागि सहयोग पुर्याउने ।

(३) वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहलाई दिगो र प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

(४) समूहमा बचत गर्ने र आयआर्जनका क्रियाकलापमा लगानी गर्ने बानीमा सुधार ल्याउने ।

## परिच्छेद -२

## कार्यक्रमको लाभग्राह्री, सहजीकरण सम्बन्धी व्यवस्था तथा कार्यक्रम सञ्चालन प्रक्रिया:

४. **कार्यक्रमको लाभग्राही:** बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श समूह वा उक्त समूहमा आबद्ध सदस्यहरू ।

५. यस कार्यक्रम कार्यान्वयनको लागि आवश्यक सहजीकरण तथा लक्षित वर्गको छनोट रोजगार प्रबर्द्धन शाखाले गर्नेछ ।

६ **सम्पर्क एकाई:** मन्थली नगरपालिकाको रोजगार प्रबर्द्धन शाखा यस कार्यक्रमको सम्पर्क एकाई हुनेछ ।

७ **सम्पर्क एकाईको काम कर्तव्य र अधिकार:** (क) मन्थली नगरपालिका क्षेत्रभित्र गठन भई सन्चालनमा रहेका वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहहरूसँग सहजीकरण गरी प्रदान हुने अनुदान रकमको लगानी योजना निमार्णमा सहजीकरण गर्ने ।

(ख) योजना निर्माण गर्दा सामूहिक कोष स्थापना गरी आय आर्जनका क्रियाकलापहरूमा ऋण लगानी गर्ने वा समूहमा आबद्ध सदस्यहरूमध्ये छनोट गरी ब्यबसाय सञ्चालनका लागि सदस्यलाई अनुदान दिने वा सदस्यहरूको सिप क्षमता विकास सम्बन्धी तालिम सन्चालन गर्न सक्ने छन् ।

(ग) अनुदान रकमको कार्यान्वयन र प्रभावकारिताको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिने ।

८. **कार्यक्रम सहजीकरण समिति:** यस कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको एक सहजीकरण समिति रहने छ ।

| | | |
|---|---|---|
| क) | संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| ख) | सदस्य | आर्थिक विकास शाखा प्रमुख |
| ग) | सदस्य सचिव | परियोजना प्रमुख |

९. **कार्यक्रम सञ्चालन प्रक्रिया:** १. कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुने छ । (क) वैदेशिक रोजगारीबाट फर्केका परिवारहरूका सदस्य सहभागी भएको वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूह हुनुपर्ने छ ।

(ख) वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहको स्पष्ट योजना पेश गर्नु पर्नेछ ।

(ग) प्राप्त अनुदान रकमलाई आयआर्जन वा सिप क्षमता विकासमा लगानी गर्न सकिने छ ।

## परिच्छेद - ३

## सहयोग अनुदान रकमको सीमा, वजेट ब्यवस्थापन तथा रकम निकासा

१०. **बजेट ब्यबस्थापनः** (१) मन्थली नगरपालिकाले रोजगार प्रबर्द्धन शाखा मार्फत् बजेटको ब्यवस्थापन गर्नेछ ।

११. **सहयोग सिमा र रकम निकासाः** (१) मन्थली नगरपालिकाले वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहका लागि आयआर्जन वा सिप विकासका लागि वार्षिक नीति तथा कार्यक्रम अनुरूप अनुदान सहयोग रकम निर्धारण गर्ने छ ।

(२) मन्थली नगरपालिकाले वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समूहलाई आयआर्जन गतिपिधिहरू सञ्चालन वा सिपका लागि प्रति समूह २० देखि ५० हजारसम्म किस्ताबन्दी वा एकमुष्ट रकम निकासा गर्न सक्नेछ ।

(३) स्थानीय तहले संघीय सरकार, प्रदेश सरकारको सहकार्यमा बजेटको व्यवस्था गर्नेछ ।

(४) स्थानीय तहले बैंक तथा वित्तीय क्षेत्रको सहकार्य तथा समन्वयमा दर्ता भएका व्यवसाय सञ्चालनकर्तालाई ब्याज सहुलियतमा कर्जा उपलव्ध गराउन सक्ने छ ।

## परिच्छेद -४

## समन्वय, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन

१२. **समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहले आवश्यकता अनुसार संघ, प्रदेश एवम् अन्य सरोकारवाला निकायसँग समन्वय र साझेदारीमा कायम गरिने छ ।

(२) सञ्चालित क्रियाकलापहरू तथा नतिजाको प्राविधिक अनुगमन रोजगार प्रबर्द्धन शाखाले नियमित रूपमा गर्नेछ । सोको अलावा कार्यक्रमको उपलब्धिको अनुगमन तथा

मूल्याङ्कन यसै स्थानीय तहको अनुगमन संयन्त्रबाट गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको संयन्त्रले स्थानीय तह तथा अन्य संघ संस्थाबाट प्रदान गरिएका सेवा सुविधाको सदुपयोग भए नभएको अनुगमन गर्ने र सदुपयोग नभएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गर्न पालिकालाई सिफारिस गर्नेछ ।

(४) प्रगति तथा उपलब्धि स्तरको आवधिक अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार अनुदान उपलब्ध गर्ने सहयोगी संघ सस्थाले पनि गर्नेछ ।

## परिच्छेद -५

## विविध

**१३. प्रचलित कानुन बमोजिमः** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१४. गुनासो सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम सेवा सुविधा नपाएको सम्बन्धमा सम्बन्धित सेवाग्राहीले मन्थली नगरपालिकामा लिखित वा मौखिक गुनासो गर्न सक्नेछ ।

**१५ कारवाहीः** अनुदान सहयोग रकमको हिनामिना भएको प्रमाणित भएमा प्राचलित कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

**१६ थपघट गर्न सक्नेः** (१) यो कार्यविधि मन्थली नगरपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा प्रविधिक वा प्रक्रियागत विषयमा कुनै वाधा अड्काउ उत्पन्न भएमा मन्थली नगरपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।